# हिमालयन रिइन्स्योरेन्स लिमिटेड

## निर्वाचन अधिकृतको कार्यालय

**ललिता भवन, महाराजगन्ज, काठमाडौं**

## संचालक निर्वाचन कार्यक्रमको सूचना

हिमालयन रिइन्स्योरेन्स लिमिटेडको मिति २०८० साल फाल्गुण २० गते (तदनुसार सन् ०३ मार्च, २०२४) आईतवार सम्पन्न हुने तेश्रो वार्षिक साधारण सभाबाट सञ्चालक समितिमा संस्थापक शेयरधनीहरु समूह "क" का शेयरधनी तर्फको रिक्त रहेको संचालक पदसंख्या १ (एक) मा बांकी अबधिको लागी र सर्वसाधारण शेयरधनीहरु समुह "ख" को तर्फवाट प्रतिनिधीत्व गर्ने संचालक २(दुई) जना समेत कुल ३ जना संचालकको निर्वाचन प्रयोजनको लागी कम्पनीको संचालक निर्वाचन निर्देशिका २०८० बमोजिम यो निर्वाचन कार्यक्रमको सूचना सम्बन्धित सबैको जानकारीको लागी प्रकाशित गरिएको छ ।

| क्र.सं. | कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १ | प्रथम मतदाता नामवली प्रकाशन | २०८० साल फाल्गुण १३ गते आइतवार | बिहान ११.०० बजे | निर्वाचन अधिकृतको कार्यालय |
| २ | प्रथम मतदाता नामावलीमा दावी बिरोध पेश गर्ने | २०८० साल फाल्गुण १३ गते आइतवार | दिनको १.३० बजे देखी २.३० बजे सम्म | निर्वाचन अधिकृतको कार्यालय |
| ३ | मतदाता नामावली उपर परेको दावी बिरोध सम्बन्धमा निर्णय गरी अन्तिम मतदाता नामावली प्रकाशन | २०८० साल फाल्गुण १३ गते आइतवार | अपरान्ह ५.०० बजे | निर्वाचन अधिकृतको कार्यालय |

| | | | | |
|---|---|---|---|---|
| ४ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०८० साल फाल्गुण १४ गते सोमवार | बिहान ११.०० बजे देखी दिनको १.०० बजे सम्म | निर्वाचन अधिकृतको कार्यालय |
| ५ | उम्मेदवारको प्रथम नामावली प्रकाशन | २०८० साल फाल्गुण १४ गते सोमवार | दिनको २.०० बजे | निर्वाचन अधिकृतको कार्यालय |
| ६ | उम्मेदवारी उपर दावी बिरोध पेश गर्ने | २०८० साल फाल्गुण १४ गते सोमवार | अपरान्ह ४.०० बजे देखी ५.०० सम्म | निर्वाचन अधिकृतको कार्यालय |
| ७ | उम्मेदवारी उपर परेको दावी बिरोध तथा मनोनयनपत्र सम्बन्धमा जांचबुझ तथा तथा निर्णय गरी उम्मेदवारको दोश्रो नामावली प्रकाशन | २०८० साल फाल्गुण १५ गते मंगलवार | बिहान ११.०० बजे | निर्वाचन अधिकृतको कार्यालय |
| ८ | उम्मेदवारले नाम फिर्ता लिने | २०८० साल फाल्गुण १७ गते विहीवार | बिहान ११.०० बजे सम्म | निर्वाचन अधिकृतको कार्यालय |
| ९ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८० साल फाल्गुण १७ गते विहीवार | बिहान ११.३० बजे | निर्वाचन अधिकृतको कार्यालय |
| १० | मतदान मिति, समयर स्थान | २०८० साल फाल्गुण २० गते आइतवार | मतदानको समय : सभा स्थलमा सूचना टांस गरी जानकारी गराइनेछ ।<br>स्थान : साधारण सभा स्थल, राष्ट्रिय सभा गृह, प्रदर्शनी मार्ग, काठमाडौं । | |

| | | | |
|---|---|---|---|
| ११ | मतगणना मिति र समय | २०८० साल फाल्गुण २० गते आइतवार | मतदान कार्यसम्पन्न भई सबै मतपेटिकाहरु संकलन भएपछी ।<br>मतगणना सुरु हुने समय : मतदान स्थलमा सूचना प्रकाशन गरी जानकारी गराईनेछ । |
| १२ | निर्वाचन परिणाम घोषणा | मतगणना समाप्त भएपछी । | |

## निर्वाचन सम्बन्धि थप जानकारी

१) निर्वाचन सम्बन्धि कार्य प्रचलित कानून, कम्पनीको प्रबन्धपत्र, नियमाबली तथा संचालक निर्वाचन निर्देशिका, २०८० अनुसार हुनेछ ।

२) निर्वाचन अधिकृतको कार्यालय कम्पनीको केन्द्रीय कार्यालय, ललिता भवन, महाराजगन्ज, काठमाडौंमा रहनेछ । माथी क्रम संख्या १० देखीका निर्वाचन सम्बन्धि काम कारवाही साधारणसभा स्थल, राष्ट्रिय सभा गृह, प्रदर्शनी मार्ग, काठमाडौंमा हुनेछ ।

३) मतदाता नामावली कम्पनीको शेयर रजिष्ट्रार एनएमबी क्यापिटल लिमिटेडबाट कम्पनी सचिवले प्राप्त गरी निर्वाचन अधिकृतलाई उपलब्ध गराएको बिद्युतिय स्वरुपमा प्रकाशित गरिनेछ ।

४) मनोनयनपत्र फाराम निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त गर्न सकिनेछ । साथै कम्पनीको वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ ।

५) संचालक पदमा उम्मेदवारी पेश गर्ने संस्थापक शेयरधनीले कम्तिमा ५००० (पांच हजार) कित्ता शेयर र सर्बसाधारण शेयरधनीले कम्तिमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाउंमा लिएको हुनु पर्नेछ ।

६) संचालक पदमा उम्मेदवारी पेश गर्ने शेयरधनीले प्रचलित कानून बमोजिम बिमक कम्पनीको संचालक हुन आबश्यक शैक्षिक योग्यता र अनुभव रहेको प्रमाणित हुने कागजात, आ.ब. २०७९/०८० को करचुक्ता पत्र र कर्जा सूचना केन्द्र लिमिटेडबाट कालोसूचीमा नरहेको पुष्टि हुने सक्कल पत्र तथा स्वघोषणा फारम भरी मनोनयनपत्रको साथमा संलग्न गर्नुपर्नेछ ।

Himalayan Reinsurance Limited

७) संचालक पदमा उम्मेदवारी पेश गर्ने शेयरधनीले सम्बन्धित शेयरधनी समुहको एक जना शेयरवाला प्रस्तावक र अर्को एक जना शेयरवाला समर्थक सहित तोकिएको ढांचामा मनोनयनपत्र पेश गर्नु पर्नेछ ।

८) मनोनयनपत्रमा उम्मेदवार, प्रस्तावक र समर्थकले सहिछाप गरी शेयर रजिष्ट्रार, श्री एनएमबी क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंबाट सहिछाप प्रमाणित गराई उम्मेदवार स्वयम निर्वाचन अधिकृतको कार्यालयमा उपस्थित भई दर्ता गराउंन पर्नेछ ।

९) संस्थापक शेयरधनी समुह "क" तर्फको संचालक र सर्वसाधारण शेयरधनी समुह "ख" तर्फको संचालकको अलग अलग निर्वाचन हुनेछ । प्रत्येक उम्मेदवारको नाम लेखिएको अलग अलग मतपेटीका रहनेछ र गोप्य तरिकाले मतदान गर्ने व्यवस्था मिलाईनेछ ।

१०) मतदाताले मतदान गर्दा आफुं जुन समुहको शेयरवाला हो सोही समुह तर्फको उम्मेदवारलाई मात्र मतदान गर्न सक्नेछ ।

११) सभामा भाग लिने र निर्वाचनमा मतदान गर्ने एकै व्यक्ति हुनेछ । सभामा भाग लिनका लागी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले शेयरधनीको तर्फबाट निर्वाचनमा मतदान गर्न सक्नेछ ।

१२) कुनै उम्मेदवारले माथी निर्वाचन कार्यक्रमको क्रम संख्या ८ मा उल्लेखित समय पश्चात मतदान सुरु हुनु अगावै आफ्नो उम्मेदवारी फिर्ता लिन चाहेमा कम्पनीका अध्यक्ष वा सभाको अध्यक्षता गर्ने पदाधिकारीको स्विकृती लिई उम्मेदवारी फिर्ता लिन सक्नेछ ।

१३) निर्वाचन सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।

१४) अन्य कुराहरु प्रचलित कानून एवं निर्वाचन अधिकृतद्वारा समय समयमा जारी गरिने सूचना बमोजिम हुनेछ ।

१५) निर्वाचन सम्बन्धि अन्य आबश्यक जानकारी निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**निर्वाचन अधिकृत**

**शैल नाथ गौतम**

**मितिः २०८०।११।०५**

**समयः विहान ११.०० बजे**